म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३०४ आइतबार २९ जेठ २०७९ ने. सं. ११४२ तछलाथ्व 12 Jun, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## एकैदिन दुई हजार ३ सय मेट्रिक टन फोहोरको व्यवस्थापन

काठमाडौं, २८ जेठ/ नुवाकोटको बञ्चरेडाँडास्थित ल्यान्डफिल साइटमा करिब दुई हजार ३ सय मेट्रिक टन फोहोर व्यवस्थापन गरिएको छ । काठमाडौंबाट लगिएका दुई हजार ३ सय मेट्रिक टन फोहोर शनिबार ल्यान्डफिल साइटमा व्यवस्थापन गरेको महानगरपालिकाले जानकारी दिएको छ । शुक्रबार १५३ ट्रक फोहोर लगेर व्यवस्थापन गरिएको थियो ।

बञ्चरेडाँडाका स्थानीयबासीले विरोध जनाउँदा लामो समयदेखि काठमाडौंको फोहोर उठ्न सकेको थिएन । उनीहरूसँग सहमति भएपछि पुनः फोहोर उठाउने सहमति भएको हो । शुक्रबार र शनिबार फोहोर ढुवानी गर्न तथा विसर्जन गर्न कसैले अवरोध गरेको थिएन । साइट इन्चार्ज इन्जिनियरका अनुसार यसरी नै फोहोरहरू व्यवस्थापन गरेमा काठमाडौंका सडक केहीदिनमै सफा हुनेछन् । 'यही गतिमा काम भएपछि केही दिनमै सहरका सडक सफा हुनेछन्' उनले भने । काठमाडौं महानगरपालिकाले फोहोर व्यवस्थापनको लागि दीर्घकालीन योजना ल्याउने तयारी गरिरहेको छ ।

# करोड बक्यौता नतिरेका क्रसरलाई १७ लाखमै नदीजन्य पदार्थ !

साझाकुरा संवाददाता

हेटौंडा, २८ ज्येष्ठ/ मकवानपुरगढी गाउँपालिकाले करोड बढी बक्यौता रकम नतिरेका क्रसर उद्योगलाई पुनः नदीजन्य पदार्थ उपलब्ध गराएको छ ।



यसअघि सामरी खोलाबाट नदीजन्य पदार्थ लगेर बिक्री गरिसक्दापनि गाउँपालिकालाई रकम नबुझाएका क्रसरहरुले केही थोरै रकम जम्मा गरेको भरमा पुनः नदीजन्य पदार्थ दिइएको हो । करोड बढी बक्यौता उठाउन छोडेर क्रसर उद्योगका सञ्चालकसम्म जनप्रतिनिधि र कर्मचारीको मिलोमतोमा नदीजन्य पदार्थ दिन सुरु गरिएको हो । यसअघि गाउँपालिकाले बक्यौता रकम तिर्न ताकेता गरेपनि राजनीतिक शक्तिको आढमा रकम तिर्न आलटाल गर्दै आएका क्रसरहरु सामरी खोलामा एक्साभेटर र टिपरबाट धमाधम नदीजन्य पदार्थ ओसारपसार गरिरहेका छन् ।

मकवानपुरगढी गाउँपालिका-५ र ६ मा पर्ने सामरी खोलामा वर्षौंदेखि नविकरणसमेत नभएका अवैध क्रसर उद्योग र बालुवा उद्योगहरुले गतवर्षकै ग्राभेल उत्खनन् गरेको एक करोड बुझाउन रहेको छ । पहिलेकै रकम बाँकी भइरहेको समयमा फेरी तीनै क्रसर उद्योगलाई पोस्ने गरी सामरी खोलामा बाढी आइरहेकै समयमा एक्साभेटर लगाएर उत्खनन् गरिएको हो । सामरी खोला दोहनमा जनप्रतिनिधिदेखि कर्मचारीसम्मको मिलेमतो रहेको आशंका छ । गाउँपालिकाले क्रसर उद्योगलाई सहज पर्ने गरी नदीजन्य पदार्थ उत्खनन् गरिरहेको पाइएको छ । क्रसर उद्योग नजिक खोलाबाट नदीजन्य पदार्थ उत्खनन् भइरहेको हो ।

गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत रामकुमार पुडासैनीले जेठ मसान्तसम्म खन्न पाइने नियमका कारण शुक्रबारबाट खोला उत्खनन् गरेर क्रसर उद्योगलाई ग्राभेल दिन सुरु गरिएको बताए । क्रसर उद्योगले तिर्न बाँकी रकम असार १५ गते सम्म बुझाउने सहमती अनुसार उत्खनन् गर्न दिइएको उनको भनाई छ । मकवानपुरगढी गाउँपालिकाको सबै क्रसर उद्योग र वालुवा उद्योगमा ग्राभेल भरिभराउ छ । तरपनि फेरी पैसा नतिर्ने क्रसर उद्योगले यो उत्खननका लागि भनेर १७ लाख रुपैयाँ गाउँपालिकाको खातामा जम्मा गरिएको भन्दै अवैध तरिकाले उत्खनन् गर्न दिइएको हो । गाउँपालिकाले अमानतमा नदीजन्य पदार्थ उत्खनन् गरेर बिक्री गरिरहेको हो । तर, १७ लाख बुझाएको भन्दा बढी रकमको नदीजन्य पदार्थ क्रसरहरुले थुपारिसकेको जनाइएको छ ।

मकवानपुरगढी गाउँपालिका वडा नम्बर ५ को सिमल्टार, भालुखोला, वडा नम्बर ६ को बागदलीलगायतका क्षेत्रमा चार वटा एक्साभेटरले उत्खनन् गरेर क्रसर उद्योगमा नदीजन्य पदार्थ पठाइएको गाउँपालिकाका राजश्व शाखा प्रमुख प्रकाश न्यौपानेले बताए । गतवर्षको पनि ग्राभेलको रकम नतिरीकन ग्राभेल उत्खनन् गर्ने क्रसर उद्योगहरु आमभन्ज्याङ एग्रिगेट, साइबाबा क्रसर उद्योग, सामरी बालुवा उद्योगलगायतका रहेका छन् । गतवर्षको पनि रकम बुझाउने सर्तमा मात्र खोला उत्खनन् गर्न दिइएको न्यौपानेले बताए । न्यौपानेले सर्त गरेको भनिएतापनि पुरानै बक्यौता नतिरेका क्रसर उद्योगहरुले अब तिर्ने कुनै ठोस आधार भने छैन् ।

खोलामा उत्खनन् गर्दा धेरै ग्राभेल जम्मा भएको क्षेत्रभन्दा जता क्रसर उद्योग छ त्यतै सहज हुने गरी उत्खनन् गर्न दिइएको छ । आईई गरेको क्षेत्र, तोकिएको मापदण्ड भन्दा पनि एक्साभेटरलाई खन्न क्रसर उद्योगले जता लगाइयो त्यतैबाट मात्र उत्खनन् गरिएको स्थानीय प्रत्यक्षदर्शीले बताए । यसरी अनियन्त्रित रुपमा नदीजन्य पदार्थ उत्खनन् हुँदा सामरी खोलामा बाढी आएको समयमा बस्तीमा बाढी पस्न सक्ने भन्दै स्थानीयहरु गुनासो गर्न थालेका छन् । संघीय सरकारले वर्षायाममा खोला उत्खनन् गर्न नदिने नीति अबलम्बन गर्दै आएकोछ । असार, साउन र भदौसम्म खोला उत्खनन् गर्न पाईदैन् । त्यसैले, ३ महिनालाई पुग्ने गरी क्रसर उद्योगहरुले मौकामा दाउ हानेका छन् ।

सामरी खोलामा अमानतमा गाउँपालिकाले नदीजन्य पदार्थ उत्खनन् गरिरहेको हो । गाउँपालिकाले दुई पटकसम्म नदीजन्य पदार्थ उत्खनन् र बिक्रीका लागि ठेक्का आह्वान गरेपनि ठेक्का लाग्न सकेको थिएन् । अमानतमा खोलामा कर्मचारीले काटिरहेको रसिद पैसा नगद बुझाएर मात्र ग्राभेल बिक्री गर्नुपर्ने स्थानमा पहिले एकमुष्ट रकम गाउँपालिकामा जम्मा गर्ने र पछि रसिद काट्ने हुँदा समस्या देखिएको छ ।

## दुर्घटनामा बाबुछोरीको मृत्यु




साझाकुरा संवाददाता

हेटौंडा, २८ जेठ/ पूर्वपश्चिम राजमार्गको हेटौंडा-९ पशुपतिनगरमा भएको सवारी दुर्घटना भएको छ ।

दुर्घटनामा परि बाबुछोरीको मृत्यु भएको छ । भारतबाट ग्यास बोकेर आएको एनएल ०१ एल २९७१ नम्बरको बुलेट ट्याङकरले हेटौंडा बजारतर्फ आउँदै गरेको ना ६१ प ४५९७ नम्बरको मोटरसाइकलाई पछाडिबाट ठक्कर दिँदा घटना भएको प्रहरी जनाएको छ । घटनामा ५५ वर्षीय बाबु इश्वरकुमार तामाङ र उनको २६ वर्षीय छोरी अमिना तामाङको मृत्यु भएको प्रहरीले जनाएको छ ।

बुलेट ट्याङकरको ठक्करबाट मोटरसाईकल उछिटिएर घाइते भएका उनीहरुलाई हेटौंडा अस्पतालमा ल्याउने बित्तिकै डाक्टरले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

## विपन्नलाई उन्नत पशुपालन तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २८ जेठ/ नियमित आर्थिक आयआर्जन नभएका परिवारलाई जीवीकोपार्जनका निम्ति उन्नत पशुपालन तालिम दिइएको छ ।

तालिमबाट पशुपालन गर्न सिक्ने भन्दै ३५ जना विपन्नलाई तालिम प्रदान गरिएको छ । निर्धन उत्थान लघुवित्त वित्तिय संस्था लि मकवानपुरको आयोजनामा विपन्न घर परिवारहरुको आर्थिक स्थितिमा सुधार ल्यान भन्दै पशुपालन तालिम आयोजना गरिएको हो । तालिममा पशुपंछीको महत्व, गोठ तथा आहार व्यवस्थापन, प्रजनन् व्यवस्थापन, दाना बनाउने तरिका, संक्रमण हुनेर नहुने रोग, उन्नत घासको खेती र त्यसको फाइदालगायतको बारेमा डा. सोनु अधिकारी र डा. मोनिका गौतमले सहभागीलाई प्रशिक्षण दिएका थिए । हेटौडा उपमहानगर पालिका वडा ननम्बर १०का वडा अध्यक्ष फुर्वा दोर्जे लामाले गरिवी निवारणको लागि निर्धन उत्थान वित्तिय संस्थाले गर्दै आएको कार्य प्रशंसनीय रहेको औंल्याए । दुई दिनसम्म भएको तालिममा निर्धन उत्थान लघुवित्तका शाखा प्रवन्धक रमेश पन्थीले लघुवित्तले प्रदान गर्दै आएको सेवाहरु, वचतका प्रकार र वचतको महत्व र अन्य वित्तय साक्षारता प्रदान गरेका थिए । एक परिवारका एक उद्यमी बनाउन संस्थाले पहल गरी रहेको संस्थाले साढे २ दशकदेखि सेवा प्रदान गर्दै आइरहेको र यसबाट विपन्न समूहका आर्थिकस्थिति सुधारमा सहयोग पुगेको संस्थाका कार्यक्रम अधिकृत मनिस रत्न कोनाजोले बताए ।

## कर्मचारी आवश्यकता

यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि. हेटौंडा-१० को लागि कर्मचारी आवश्यकता परेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**योग्यता**:
१. व्यवस्थापन संकायमा स्नातक वा स्नातोकोत्तर गरेको
२. प्रशासन, सफ्टवेयर लेखा विज्ञ
**तलब सुविधा**: आपसी समझदारीबाट

**काम गरेको अनुभवीलाई विशेष ग्रहायता**

**नोट**: सूचना प्रकाशन भएको मितिले ७ दिनभित्रमा सम्पर्क गर्नुपर्ने छ ।

**यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि.**
हेटौंडा-१०, मकवानपुर
९८५५०६८५७५

## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

**सेवाहरू**:



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री

# शुभारम्भ

YADEA
e-SCOOTERS






**Offer**
रू.१०,०००/-
नगद छुट

**YADEA e-SCOOTER का विशेषताहरु:**
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

**बर्षा ई-अटोमोबाइल्स**
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

## स्थानीय तह सहीद स्मृति गोल्डकप अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता
### चौंथो संस्करण-२०७९ मकवानपुर

सहभागी टिमहरु: मनाङमर्स्याङ्दी क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपीएफ क्लब, फ्रेण्ड्स् क्लब, खुमलटार युथ क्लब, नव जनजागृती क्लब सिमरा, बागमती युवा क्लब सर्लाही, विजय युथ क्लब हेटौंडा, बीएफसी चितवन, एभिनियर एफसी क्यामरुन र चर्चब्वाइज क्लब

२०७८ जेठ १९ देखि ३० गतेसम्म

स्थान : पिप्ले क्याम्पा रंगशाला खेल समय : दिउँसो ३ बजे,

मुख्य प्रायोजक : हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका, बागमती गाउँपालिका, बकैया गाउँपालिका, मकवानपुरगढी गाउँपालिका, इन्द्रसरोबर गाउँपालिका, राक्सिराङ गाउँपालिका, भीमफेदी गाउँपालिका, कैलाश गाउँपालिका, मनहरी गाउँपालिका र जिल्ला समन्वय समिति मकवानपुर

विशेष सहयोगी : प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेश, हेटौंडा
पुरन बहादुर जोशी
हटौंडा स्कुल अफम्यानेजमेन्ट

आयोजक
मकवानपुर जिल्ला फुटबल संघ
हेटौंडा

साझाकुरा

हाम्रो कुरा

# नेतृत्वले कर्मचारीतन्त्र सुधार गरोस्

जनअनुमोदन मार्फत् चुनिएर आएका राजनीतिककर्मीहरुमा कुनै विषय वा क्षेत्रको विकास एवम् व्यवस्थापनका लागि नीतिगत सोच रहन्छ । तर सो सोचलाई कार्यान्वयनमा लैजान राज्यको वास्तविक अवस्थाको बारेमा पूर्ण जानकारी हुँदैन । उनीहरुसँग यथार्थ सूचना एवम् तथ्याङ्क पनि हुँदैन । तर उनीहरुलाई आफ्नो राजनीतिक दृष्टिकोणलाई राज्यको नीति तथा कार्यक्रमको स्वरुपमा व्यवहारमा रुपान्तरण गर्न विशेषज्ञ क्षमतायुक्त जनशक्ति कार्यरत रहेको स्थायी प्रकृतिको संगठन आवश्यक पर्छ । त्यसैले, राजनीतिक नेतृत्वलाई कुशल सहयोगीको रुपमा सहयोग गर्न कर्मचारीतन्त्रलाई सरकारको उपयुक्त संगठनको रुपमा विश्वव्यापी रुपमा समेत स्वीकार गरिएको हुन्छ । राजनीतिक परिवर्तन वा सरकारको नेतृत्व परिवर्तनसँगै राजनीतिक नेतृत्वबाट, सेवा प्राप्तिका लागि लामो प्रकृयाको पालना गर्नुपर्दा सेवाग्राहीहरुबाट, ठूलो सोपानिक संरचना र लिखित निर्णय प्रकृयाका कारण तत्काल आवश्यक परेको क्षेत्र वा सेवामा छिटो प्रतिकृया नजनाउँदा नागरिक समाजका साथै हित एवम् दबाब समूहबाट कर्मचारीतन्त्रउपर आलोचना हुने गरेको छ ।

संगठन संरचना आफैमा निरपेक्ष रहने भएतापनि संगठनमा अन्तरनिहित गुणहरु, सांगठनिक विधि र पद्दतिहरु, संगठनमा आवद्ध जनशक्तिको कार्यशैली र व्यवहारलगायत विषयहरु सांगठनिक प्रभावकारिता हासिल गर्न जिम्मेवार हुने भएकाले कर्मचारीतन्त्रमाथि लाग्ने गरेका आरोपलाई मिथ्या मान्न सकिने स्थिति पनि छैन । कर्मचारीतन्त्रउपरका आलोचनाहरु हेर्दा कर्मचारीतन्त्र खराब संयन्त्र नै पो हो कि भन्ने जस्तो पनि देखिन्छ । तर, त्यो पूरा सत्य होइन । कर्मचारीतन्त्र आफैंमा संगठनको एक स्वरुप रहेको र यसले कार्य सम्पादनको अधिकार राज्यका कानूनहरुकै आधारमा प्राप्त गरेको हुँदा यो आफैमा खराब संयन्त्र होईन । खासमा कर्मचारीतन्त्रको आलोचनाको उत्पत्ति यसमा अन्तरनिहित विशेषताहरु र यसको अव्यवस्थित परिचालनबाट भएको हो । कर्मचारीतन्त्रले कानूनको आधारमा कार्यसम्पादन गर्दछ । कानून आफैंमा भविश्यदर्शी एवम् पूर्ण हुने र कानूनको कार्यान्वयनमा प्रकृयाको अनुशरण गर्नुपर्ने भएकाले कर्मचारीतन्त्रको चरित्र पूर्वक्रियाशील प्रकृतिको नहुन सक्छ । साथै कानूनले प्रष्ट व्यवस्था नगरेको विषयमा कर्मचारीले कार्यसम्पादन गरेमा सो कार्य दण्डनीयसमेत हुने हुँदा कर्मचारीहरु आवश्यकताको आधारमा भन्दा कानूनको आधारमा कार्य सम्पादन गर्ने गर्दछन् ।

अब खोज्नुपर्ने विषय हो, परिवर्तित राजनीतिक वातावरण अनुकूल कर्मचारीतन्त्र राज्यको असल सहयोगी संयन्त्र बन्न सक्यो कि सकेन ? नेपालको कर्मचारीतन्त्र ब्यावसायिक बन्न नसक्नुको प्रमुख कारण कर्मचारीन्त्रमा हुने राजनीतिकरण हो । प्रशासनिक संयन्त्रका माथिल्ला पदहरुमा योग्यता एवम् क्षमताका आधारमा पदोन्नति, सरुवा र पदस्थापन नहुने र तल्ला पदहरुमा दलीय राजनीतिक गतिविधिहरु देखिने गरेको छ । यसले व्यावसायिक चरित्र निर्माणमा बाधा उत्पन्न गरिरहेको छ । प्रशासनिक नेतृत्वको माथिल्ला पदमा योग्यताका आधारमा व्यवस्थापन हुने र राजनीतिकरुपमा विभाजित हुने अवस्था कर्मचारीतन्त्रमा रहुञ्जेलसम्म कर्मचारीमा कार्य जिम्मेवारीप्रतिको उत्तरदायित्व बोध घनिभूतरुपमा हुन सक्दैन । केही कर्मचारीले निरन्तर अवसर पाइरहने हो भने अन्यले एकाध अवसरका लागि पनि राजनीतिक सन्निकटताको बाटो अपनाउनु पर्ने हुन्छ । कुशल कर्मचारीतन्त्रको निर्माण गर्न चाहने राजनीतिक नेतृत्वले यस विषयमा ध्यान दिनु जरुरी छ । कर्मचारीतन्त्रबाट सरकारले काम लिन सक्नु पर्छ दलीय प्रतिबद्दता खोज्नु हुँदैन । लोकतान्त्रिक पद्दतिबाट कर्मचारीहरुमा ट्रेड युनियन अधिकार आवश्यक छ । कर्मचारीहरुले प्रजातान्त्रिक पद्दतिअनुरुप प्राप्त ट्रेड युनियन अधिकारलाई सामुहिक सौदावाजीमार्फत् आफ्ना हकहित व्यवस्थित बनाउने औजारको रुपमा उपयोग गर्नु पर्दछ । कर्मचारीतन्त्रलाई राजनीतिक नेतृत्वले सुझबुझका साथ सुधार गरोस् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा


## भोलिको पात्रो

भोलि वि.सं. २०७९ जेठ ३० गते सोमबार १३ जुन २०२२ । जेष्ट शुक्लपक्ष्य चतुर्दशी । तछलाथ्व चतुर्दशी ११४२ । सुर्योदय: ५:०९, सुर्यास्त: ६:५९ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सोचेजस्तो सहयोग मिल्नेछैन | तुला | : सामाजिक काममा रुचि बढ्नेछ |
| वृष | : समय पूजापाठमा बित्नेछ | वृश्चिक | : शरीरमा बाधा पुग्न सक्नेछ |
| मिथुन | : व्यापारबाट फाइदा हुनेछ | धनु | : मन पर्ने उपहार पाइने योग छ |
| कर्कट | : नयाँ काम गर्न जागर आउनेछ | मकर | : मन प्रशन्न हुने देखिन्छ |
| सिंह | : बोल्दा विचार पुऱ्याउनु पर्नेछ | कुम्भ | : पढाइमा सहयोग मिल्नेछ |
| कन्या | : रिसाउने बानीले हानि पुग्नेछ | मीन | : यात्रामा कष्ट मिल्नेछ |

# लैंगिक हिंसा : उहिले र अहिले



✍ सुशीला कार्की

हिजोआज सञ्चार माध्यम महिलामाथि हुने हत्या, हिंसा, बलात्कारका घटना शृंखलाबद्ध रूपमा आइरहेका छन् । त्यस्ता घटनाले मनमा अनेक प्रश्न उब्जाउँछ, हाम्रो समाज किन यस्तो भयो ? महिलाविरुद्ध हुने हिंसाको संख्यामा हिजोका दिनमा भन्दा के आजभोलि अधिक वृद्धि भएकै हुन् त ? यस्ता प्रश्नको उत्तरमा कतिपयको तर्क देखिन्छ, यो हठात एकाएक खुला भएको समाज, टेलिभिजनमा देखाइने अश्लील चलचित्र, भेषभूषा पहिरन, स्वतन्त्रताका नाममा वृद्धि भएका उच्छृंखलता जस्ता तत्व जिम्मेवार छन् यस्ता घटना बढ्नुमा ।

अझ कतिपयको तर्क यस्तो पनि देखिन्छ कि बलात्कार र महिला हिंसा जस्ता घटना पहिले पनि हुन्थे । तर त्यस बखत आजभोलि जस्तो मरिच, नुन, बेसार मरमसला लगायत समाचारपत्र र सामाजिक सन्जालहरूमा छ्याप्छ्यापी नभएका मात्र हुन् । किनकि जति सञ्चार माध्यमहरू सक्रिय छन्, पहिले त्यतिविधि थिएनन् । फेरि महिलाहरू सामाजिक लज्जा र स्वयंको इज्जत जाने डरका कारण आफूमाथि भएका हिंसाबारे प्रकट गर्न पनि चाहँदैनन् थिए । आजभोलि प्राय: आफूमाथि भएको हिंसाबारे महिलाहरू सहने पक्षमा भने छैनन् । बरु प्रकट गरेर अन्यायीलाई सजाय दिलाउने पक्षमा अधिकांश देखिन्छन् ।

मुलुकी ऐन २०२० आउनुपूर्व र पछिसम्म पनि महिलाहरूको ठूलो संख्या विवाहित, ल्याइते, भित्रिनी, रखौटीका रूपमा पुरुषले राख्न पाउने क्रम जारी थियो । यसका अतिरिक्त घरमा काम गर्न राखेकी नोकर्नी, चाकर्नी, भान्से पनि हिंसाका सिकार बराबर भएकै सुनिन्थ्यो । यस्ता प्रकृतिका घटना सम्बन्धमा नगन्य वारदातको हकमा पुरुषविरुद्ध उजुर पर्थे । पुरुषले शरीर छोइदिए मात्र पनि महिलाको जात जाने र त्यस्ता हिंसा आफूउपर भइदिएमा सामाजिक प्रताडना र बदनामी स्वयं महिलाले खेप्नुपर्ने हुँदा आफूविरुद्ध भएका हिंसाबारे पनि मौन रहिदिने गरेका हुन् । पुरानो समयका उच्च घराना वा मध्यम वर्गका छोरी-चेलीहरू विवाह नभएसम्म परिवारका बुजुकहरूको नियन्त्रण र रेखदेखमा रहन्थे । म आफ्नै पालाको कुरा सम्झन्छु । संयुक्त परिवारमा प्राय: पाँच छ वा सोभन्दा बढी संख्याका छोरी भएको घर नै हुँदैन थियो । अचेल परिवार नियोजन गरिने हुँदा छोरीको संख्या एकल परिवारहरूमा एउटी वा दुइटी मात्र देखिएका छन् । बढ्दो मँहगीले गर्दा शिक्षा, लाउन खान र विवाहबारीको भारी खर्चका कारण अधिक संख्यामा सन्तान जन्माउनेबारेमा मानिसले अबका दिनहरूमा कल्पनासम्म पनि गर्न सक्दैनन् ।

मेरै परिवारमा हामी छोरीहरूलाई परिवारका बुजुक महिलाहरूले सम्झाउने गर्थे, 'रात अरुको दिन आफ्नो ।' साँझ परेपछि घरको मूल गेट बन्द हुने गर्थ्यो । घरबाहिर कहाँ जाने हो र कोसँग भेट गर्ने हो, जहाँ जाने हो त्यसबारे अभिभावकलाई जानकारी दिएर मात्र दिउँसो जानुपर्ने र साँझको मूल ढोका बन्द हुनुपूर्व अनिवार्य फर्कनुपर्ने नियम थियो । यदि राति बिहेवारी वा कुनै भोज भतेरको कार्यक्रममा जानुपरेमा भरपर्दो संरक्षकको साथ लिएर मात्र जानुपर्ने हुन्थ्यो । यी नियमको उल्लंघन बारम्बार गरेमा वा पढाइतर्फ मन नलगाएर बस्नेलाई समयमा नै विहे गरी घरबार गर्न जानु भन्ने उर्दी पनि चल्ने गरेको थियो । मेरो इच्छा धेरै पढ्ने थियो । मैले वरपरका दिदीहरूले लेखेको प्रेमपत्र पक्राउ पर्दा तिनले पाएको नसिहत पनि देखेकै हुँ । कहिलेकाहीँ ती दिदीहरूको अनुरोधमा मैले तिनको नाममा लेखिदिएको प्रेमपत्र पक्राउ परी त्यो लेखनमा मेरो भूमिका थियो भन्ने प्रकट हुँदा दह्रो चट्कन पाएको अनुभव छ ।

त्यसैले गर्दा पनि कलेज र अन्यत्रका छात्र-छात्राहरूले आयोजना गरेको वनभोजमा म कहिले पनि सामेल भइनँ । पिता माताले स्वीकृति दिएर खर्च मेरो पोल्टामा राखिदिँदा पनि मैले सामेल हुने इच्छा कहिले पनि जाहेर गरिनँ । त्यस्तै घरमा कुनै सहपाठी पुरुष मित्र अचानक नोट कपी वा किताब माग्न आउँदा आमाहरू बरु चिया लिएर आउने, स्वागत गर्ने र कसका छोरा नाति हौं भनी नालीबेली खोजी गर्ने गर्नुहुन्थ्यो । तर म चाहिँ किंकर्तव्यविमूढ भएर उभिरहन्थे । मनमा प्रश्न उठ्थ्यो, किन घरमै आएको होला ? बरु कलेजमा नै कापी मागेको भए भइहाल्थ्यो नि ।

मैले आफ्नो सुरक्षाबारे सोचिरहँदा एउटै कुरा मनमा राख्ने गर्थें, त्यो अपरिचित र एकान्त स्थानमा जहाँ आफू असुरक्षित हुइन्छ भरसक त्यस्ता ठाउँहरूमा नजाने । त्यसमाथि हाम्रो त्यो समय अर्कै थियो । हामीलाई पारिवारिक आधारमा समाजमा पहिचान गरिएको थियो । त्यसबेला जनसंख्या पातलो थियो र बस्ती पनि ठूलो थिएन । पिताको नाम लिएर फलानो ठाउँमा पुऱ्याइदेउ भनेपछि यातायातको साधनले आफ्नो घरको मूलगेटमा पुऱ्याइदिन्थे ।

मैले स्कुल कलेजमा पढ्दा, मेरा पुरुष सहपाठीहरूले मसँग प्रेम प्रस्ताव राखेको कहिले थाहा पाइनँ । एक पटक एउटी मित्रले हामीसँगै पढ्ने मारवाडी समुदायका युवकले आफूलाई घरसम्मै पिछा गर्ने गरेको जानकारी गराएपछि हामीले लठ्ठी लिएर दुई माइल परसम्म लखेटेका थियौं । भोलिपल्टदेखि ऊ पढ्न नै आएन । फेरि हाम्रो समयमा आफ्ना कक्षाका पुरुष मित्रहरूसँग हिमचिम राख्ने र बोलिरहने चलन पनि थिएन । हामीलाई सानो कक्षामा हुँदा हाम्रा पुरुष सहपाठीहरूले तिमीहरू बिहे गरी अर्काको घर खाने जात पढेर के गर्दछौं । तिमीहरू किन अगाडिको बेन्चमा बस्नुपऱ्यो ? अगाडिको बेन्चमा बस्ने हाम्रो अधिकार हो भनी साह्रै हेपेको देखेपछि हामी केटीहरूले मिलेर तिनीहरूलाई चट्काइदिएका पनि थियौँ ।

सुरक्षाका विषयलाई लिएर एकपटक मलाई कठिनाइ परेको अनुभव छ । कुनै समयमा बिहार भएर बनारसतर्फ रेलमा जाँदा सायद समस्तीपुरमा हुनुपर्छ, रेल रोकिएपछि पूरै डब्बा खाली भएको थियो । जसै यात्रीहरू उत्रिए, सेनाको एउटा बटालियन त्यो डिब्बामा चढ्यो । क्याबिनमा हामी दुई जना महिला थियौँ । क्याबिनमा पनि खाली ठाउँ भए जतिमा सेनाको मानिसहरू बसे । त्यो देख्दा मलाई निकै सकस महसुस भयो ।

अर्की भारतीय महिला प्रौढ थिइन्, उनी मुख बर्कोले छोपेर सुतिरहिन् । मलाई भने केही समयसम्म के गरुँ र कसो गरुँ भनी छटपटी भयो । क्याबिनबाट निस्केर हेरेको त जताततै डिब्बाभरि सेना नै सेना देखियो । फेरि सेना र प्रहरी भनेपछि सानैदेखि मलाई डर लाग्ने । जसै टीटी जाँच गर्न हाम्रो क्याबिनमा आयो, मैले उसलाई आउने स्टेसनमा रेल रोकिएपछि मलाई अर्को डिब्बामा सारिदेऊ भनी अनुरोध गरेँ । टीटीले पनि विचार गर्छु भनेको सुनेपछि एक जना मेजर रहेछन् क्याबिनमै बसेका उत्तराखण्डतिरका, तिनी नेपाली राम्रोसँग बोल्दा रहेछन् । उनले भने, 'तपाईंहरू अर्को डिब्बामा जानु पर्दैन । हामी बस्दा तपाईंहरूलाई असहज हुन्छ भने बरु हामी क्याबिन बाहिर गएर साथीहरूसँग मिलेर बस्छौं । तपाईंहरू यहीं बस्नुस् भनी क्याबिन खाली गरिदिएँ । हामी ढोका बन्द गरेर त्यस दिन यात्रा गऱ्यौं । पछि बिहानपख उनीसँग परिचय हुँदै कुराकानी हुँदा ती मेजरको भाउजूहरू सबै हाम्रा नेपालतर्फका नेपाली चेलीहरू नै भएको जानकारी हुन आयो । यतिखेर समाज खुला छ । पचहत्तर प्रतिशत युवक-युवतीहरूको पढ्ने क्रममा प्रेम सम्बन्ध कायम भएको देखिन्छ । युवकयुवतीहरूबीच प्रेम सम्बन्ध कायम गर्न नेट-इन्टरनेट र अनलाइनले सरल पारेको छ । अचेलका युवकयुवतीबीच प्रेम सम्बन्ध हुनलाई मुलुकहरूको सीमा, जातजाति र वर्णले छेक्दैन ।

संसारको कुनै पनि कुनामा बसेका महिला पुरुषबीच प्रेम सम्बन्ध कायम हुन सक्छ । केही समयपूर्व म एउटा बिहेमा गएको थिएँ । अघि पछि बेहुलीका पितासँग भेटघाट हुँदा उनी छोरीको वर खोज्नमा व्यस्त रहेको बताइरहन्थे । पछि बल्ल केटा भेटियो भनी निम्ता दिन आएका थिए । म बिहेमा जाँदा भोज भइरहेको हलमा बेहुली पक्षका नातेदारहरूले आपसमा खासखुस कुरा गरेको सुनेँ । हैदरावादमा पढ्न बसेकी हाम्री चेलीले अमेरिकामा बसेको केटालाई फेसबुकबाट फेला पारेर लायकको केटासँग प्रेम सम्बन्ध कायम गरेको राम्रै गरिछन् भने । आजकाल अधिकांश बिहेबारीमा छोरा छोरीहरूको प्रेम सम्बन्धलाई पार्टी प्यालेस र होटलहरूमा धुमधामसँग खर्च गरी विवाह गरी वैधानिकता प्रदान गर्ने गरेको पाइन्छ ।

पहिले पहिले प्रेम गर्ने युवकयुवतीहरूले धर्के कपीको पानामा कलमले लेखेर कसैको हस्ते वा हुलाकद्वारा लुकेर प्रेमपत्र पठाउँथे । त्यस्ता आम प्रेम सम्बन्ध सफल भएको पनि देखिँदैन थियो । जात, पात, हैसियत नमिलेको आधारमा असफल भई टुंगिन्थ्यो । मैले मेरो पालामा जानकारी पाएको मेरै साथीको घटना हो, प्रेम सम्बन्ध केही वर्षसम्म निरन्तर चल्यो, तर युवतीलाई युवकको परिवारले जात मिले पनि हैसियत नमिलेको आधारमा स्वीकार गरेनन् । बरु ती युवतीको पिताकहाँ युवकको परिवारले अर्को केटाको प्रस्ताव पठाइदिए । परिणामत: युवतीको पिताले पछिल्लो माग्न आउने केटासँग छोरीको बिहे गरी सुम्पिदिए ।

अबका दिनहरूमा त्यस्तो देखिँदैन । छोरीले तल्लो जातिको र विदेशी केटासँग प्रेम गरे तापनि सन्तानको खुसी मानेर अधिकांशले बिहे गरिदिन थालेका छन् । हिजोआज महिलाविरुद्ध हुने यौन दुर्व्यवहार र यौनजन्य हिंसाको विषयमा विरोधस्वरूप संसारभरि 'मि-टू'को अभियान चल्ने गरेको छ । यसमा केही सफेदपोस पुरुषहरूले समाजमा आफ्नो प्रतिष्ठा कायम गर्ने तर पर्दाको पछाडि भने महिलाविरुद्ध यौन दुर्व्यवहार र यौजजन्य हिंसा गर्ने गरेकामा पुरानोभन्दा पुरानो घटनालाई लिएर मि-टूको जरियाबाटै प्रकट गरी पोल खोलिदिँदा कति त्यस्ता अन्यायी पुरुषको नोकरी र प्रतिष्ठा दाउमा लागेका छ ।

हालसालै भारतको सर्वोच्च अदालतले मे महिनामा नै एउटा फैसला गरेको छ, जसमा यौन व्यवसायलाई पेसा भनी घोषणा गरेको मात्रै छैन कि आदेशमा भनिएको छ 'यौन व्यवसायीहरू पनि अन्य श्रमिक सरह श्रमिक नै हुन् । तिनलाई अन्य नागरिक सरह राज्यले दिने सुविधा प्रदान गर्नु पर्दछ ।' साथै सुरक्षासमेत प्रदान गर्न सुरक्षा निकायहरूका नाममा आदेश जारी गरेको छ । नेपालमा कञ्चनपुरकी निर्मला पन्तको बलात्कार र हत्या कसले गऱ्यो भन्ने आजसम्म पत्ता नलाग्न सकेको मात्र होइन कि थुप्रै अन्य घटनाहरू उजगार हुन सकेका छैनन् । अर्थात् तत् यौनजन्य हिंसाको सिकार भएका र मारिएका युवतीहरूले यो मुलुकमा न्याय पाएका छैनन् । निश्चय नै हो, आजभोलि नेपालमा बलात्कार र यौनजन्य हिंसाको वारदातहरू बढेर गएका छन् । त्यसको कारण हो, मुलुकमा बढेको दण्डहीनता । राज्यको शक्तिको दुरुपयोग गरी त्यसको आडमा कुतत्वहरूलाई दिने संरक्षणका आधारमा कैयौं महिला युवती यौनजन्य दुर्व्यवहारको सिकार भएका मात्र छैनन् कि तिनले मृत्यु पनि वरण गर्नुपरेको छ । साथै अर्कोतर्फ आठ वर्षपूर्व भएको बलात्कारको वारदात सन्दर्भमा उजागर भई उजुरी पर्न थालेको पनि देखिन आएको छ । यौनजन्य हिंसाको कुरा गर्दा कहिलेकाहीँ एकाध विवादमा सहमतिमा यौन सम्पर्क गर्ने तर पुरुषले त्यसबापत रकम नदिएपछि बलात्कार भनी उजुर गरेको पनि सुन्नमा आएका छन् ।

तर आम महिलाहरू निर्दोष हुने गरेका छन् । ती क्रय-विक्रय वा अप्ठ्यारोमा पारिन्छन्, फँसाइन्छन् । कार्यालयहरूमा कार्यरत महिला कर्मचारीहरू वा श्रमिक महिलाविरुद्ध कार्यस्थलमा हुने गरेको यौनजन्य हिंसाको वारदातको उदाहरणहरू प्रशस्त देखिएका छन् । घर परिवारभित्रै बाबु, दाजु-भाइ आफन्त नातेदारहरूबाट हुने गरेको यौनजन्य हिंसाको वारदात देखिएका छन् । तर अब त पुरानोभन्दा पुरानो यौनजन्य हिंसा र बलात्कारका विवादलाई लिएर महिलाहरूले आवाज उठाउन थालेका छन् । यसै सन्दर्भमा संसद्मा यौनजन्य दुर्व्यवहार र बलात्कारका विवादमा हदम्यादको सीमा रहनुहुन्न भन्ने सडकमा आन्दोलनरत पक्षधरको दाबीलाई लिएर बहस हुन थालेको छ ।

बलात्कारका वारदात पुष्टि हुनुलाई उक्त हिंसाको सिकार भएकी युवतीको शरीरको डाक्टरी परीक्षण पनि आवश्यक पर्ने हुन्छ । यदि उजुरीको असीमित हदम्यादलाई कायम गर्ने हो भने ती प्रमाण पाउन कठिन हुन सक्दछ । साथै प्रमाणको अभावमा फगत उजुरकर्ता महिलाको दाबीको आधारमा उजुर चलाउने हो भने भोलि मन परेको युवकले महिलाको विवाहको प्रस्तावलाई इन्कार गर्दैमा पनि बलात्कारको वारदातको कृत्रिम रचना हुन सक्नेछ । कानुनको नजरमा महिला, पुरुष, गरिब, धनी, बालक, युवक, प्रौढ सबै समान हुन्छन् ।

हामीकहाँ भएको प्रचलित कानुनी सिद्धान्तअनुसार बरु दश दोषीहरू छुटून्, तर एउटा निर्दोष मानिसले जेल भोग्न नपरोस् भन्ने मान्यता छ । कानुनी सिद्धान्तमा कसैको बीच पनि भेदभाव राख्न मिल्दैन । भोलि यस्ता उजुरीले धनाढ्य परिवारसँग रकम असुल्ने कसै कसैको निम्ति धन्दाको जरिया नबनोस् । निश्चय हो हाम्रा समाजमा अधिकांश महिलाहरू यौनजन्य दुर्व्यवहार र बलात्कारको सिकार हुने गर्दछन् ।

कानुनी ज्ञानको अभावमा वा सामाजिक लज्जा खेप्न नसकेर, आर्थिक अभावमा, आततायीको दबाब र प्रभावको कारण समयमा उजुर गर्न सक्दैनन् । फेरि पनि अन्याय त अन्याय हो, अन्यायलाई सहनु पनि अन्याय नै हो । तापनि बलात्कारको असीमित हदम्याद कायम गर्ने सन्दर्भमा कानुनविदहरूसँग परामर्श गरी, यस विषयमा व्यापक छलफल गरी अन्य मुलुकहरूमा हदम्याद सम्बन्धी कानुनमा के-कस्तो व्यवस्था छ र त्यसकाबारेमा जान्नुन आवश्यक छ । साथै तत् मुलुकहरूमा कानुनको व्यवहारिक प्रयोगबारेमा व्यापक अध्ययन गरी यस सन्दर्भमा छलफल गरी भोलिको परिणामलाई आँकलन गर्दै कानुन बनाउन आवश्यक छ । -साभार: इकागज

# हामी हाम्रो वातावरणमा सुरक्षित छौं र

**जलवायु परिवर्तनको प्रभावले गर्दा हाम्रो वातावरणमा नकारात्मक असरहरू बढ्दै गएका छन् ।**

✍ मथुरा तिवारी

संयुक्त राष्ट्रसंघको महासभाले गरेको घोषणा तथा संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमबमोजिम सन् १९७४ देखि प्रत्येक वर्ष जुन ५ को दिनलाई विश्व वातावरण दिवसका रूपमा मनाउँदै आइएको छ । जसको निरन्तर ता नेपालले समेत हरेक वर्षको जुन ५ का दिन विश्व वातावरण दिवस मनाउँदै आइरहेको छ । यस वर्ष 'केवल एक पृथ्वी' भन्ने अन्तर्राष्ट्रिय नारा र 'प्रकृतिसँग मेलमिलापमा दिगो रूपमा बाँच्ने' भन्ने मूल विषयका साथ यो दिवस मनाइयो । नेपालमा भने 'पृथ्वीको संरक्षण : दिगो प्रकृतिमैत्री जीवनयापन' भन्ने मूल नाराका साथ विभिन्न कार्यक्रम गरी विश्व वातावरण दिवस मनाइयो । विश्व वातावरण दिवसका दिन सरकारका तर्फबाट राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीलगायतले वातावरण संरक्षणसम्बन्धी आम नागरिकलाई शुभकामना सन्देशसमेत दिनुभएको थियो ।

हामीले एक दिन वातावरण दिवस मनाइरहँदा हाम्रो वातावरण कत्तिको सुरक्षित छ भन्ने विषयमा पनि जोड दिनुपर्ने देखिन्छ । वातावरण दिवसका नाममा केही थान बिरुवा वृक्षारोपण गरिरहँदा हाम्रो वनविनाशका कार्य रोकिएका छन् कि छैनन्, त्यतातर्फ पनि ध्यान दिनु आवश्यक छ । वन कत्तिको सुरक्षित छ र त्यहाँ आश्रितको अवस्थामा जोड दिनुपर्नेछ । मानव जातिलगायत अन्य प्राणी सुरक्षित रूपमा बाँच्न पाउने अधिकारबाट वञ्चित भएका छन् कि छैनन्, बुझ्न जरुरी छ । वातावरणका विषयमा जानकारी र त्यसको आवश्यकताबिनै एक दिनका लागि वातावरण दिवस मनाएर प्रचारप्रसार गर्नुले मात्र वातावरण संरक्षण हुन कठिन पर्ने देखिन्छ । जलवायु परिवर्तनको प्रभावले गर्दा हाम्रो वातावरणमा नकारात्मक असरहरू बढ्दै गएका छन् । वातावरण प्रदूषणका कारण पृथ्वीको तापक्रम बढ्दै जानाले जलवायु परिवर्तन हुँदा पछिल्लो समय नेपालमा आकस्मिक बाढी, हिमनदी विस्फोट तथा हिमपहिरो, खडेरी, तातो र चिसो लहर र अप्रत्याशित वर्षा, अतिवृष्टि, अनावृष्ट्रि, खण्डवृष्टिका कारण मानव जनजीवनमा प्रत्यक्ष रूपमा असर पुऱ्याउँदै आएको छ, जसअन्तर्गत समाजका सबै क्षेत्रमा असर परेको छ र विशेष गरी महिला र सीमान्तकृत समुदायको जीवन र जीवनयापन नै संकटमा परेको छ । नेपालमा पनि जलवायु परिवर्तनले कृषि उत्पादनमा ह्रास आउने र समयमा वर्षा नहुने, बमौसमी वर्षाले प्रतिकूल असर पार्दै गइरहेको सर्वविदितै छ ।



जलवायु परिवर्तनले दिनानुदिन वातावरण प्रदूषित हुँदै गइरहेको छ । बढ्दो सहरीकरण तथा जनघनत्वका कारण सहरी क्षेत्रभित्र डिजेल, पेट्रोलबाट चल्ने सवारी साधनको उपयोग बढ्दै जाँदा र कोइलाको अधिक प्रयोगबाट निस्कने धूवाँले वायुप्रदूषण हुँदा मानव शरीरमा प्रत्यक्ष रूपमा असर भोग्दै जानुपरेको छ । महिनौंसम्म सहरका फोहोर उठ्न नसक्दा सहर प्रदूषित बनेको छ, जसको प्रत्यक्ष असर वातावरणमा पर्न जान्छ । डढेलो तथा आगलागीका घटना बढ्दै जाँदा वातावरण प्रदूषित बन्दै गएको छ । यतातर्फ ध्यान नदिने र एक दिनका लागि दिवस मनाउने परिपाटीले गर्दा त्यसको असर आममानिसले भोग्न बाध्य हुनुपरेको छ । वातावरण दिवसका दिन एउटा बिरुवा रोपेर अर्को दिनदेखि त्यो बिरुवालाई बेवास्ता गर्ने परिपाटी बन्दा नाममात्रको दिवस मनाइरहेझैं लाग्छ । बर्सेनि यस्ता दिवस मनाइरहँदा त्यस्ता दिवसले सार्थकता पाउने खालको निरन्तरता हुनुपर्ने देखिन्छ । -साभार: कारोबार

# ट्रफी लिएर स्वदेश फर्कन्छौँ : रुबिना क्षेत्री




काठमाडौं/ कीर्तिपुरस्थित त्रिभुवन विश्व विद्यालयको मैदानमा नेपाली राष्ट्रिय महिला टोली मलेसियामा आयोजना हुने एसीसी महिला टी-२० च्याम्पियनसिपको तयारी गरिरहेको छ । कप्तान रुबिना क्षेत्रीले च्याम्पियनसिप नेपाली टोलीका लागि चुनौती पूर्ण भएको बताएकी छन् । रुबिनाले नेपाली महिला टोली ट्रफी नेपाल ल्याउन नसकेकोमा आफूमा चोट भएको भन्दै ट्रफी लिएर स्वदेश फर्किने प्रतिबद्धता जनाएकी हुन् । त्यसका लागि खेलाडीले गरेको र कमी कमजोरी सुधार गरेको पनि बताइन् ।

उनले भनिन्, 'चुनौती अवश्य छ । वुमन्स क्रिकेटमा हामीले कुनै पनि ट्रफी ल्याउन सकेका छैनौं । भन्नेले भन्दै गर्छ, सोध्नेले सोधिरहन्छ । तर हामी क्रिकेट खेलिरहेका खेलाडीमा यसको पिडा छ । कुनै समय धेरै मिहिनेत गर्दा के नमिलेको के नमिलेको हुन्छ । तर यसपालि सबै खेलाडीको मिहिनेत देख्दा हामीले राम्रो गर्छौं भन्ने विश्वास लागेको छ । टिम खाली हात नफर्किने गरी प्रतिस्पर्धा गर्नुपर्नेछ ।

पछिल्लो पटक युगाण्डासँगको खेलमा देखिएको फिटनेस र फिल्डिङको समस्यालाई सुधार गरेको भन्दै प्रशिक्षक जगत टमाटाले टोली च्याम्पियन भएर स्वदेश फर्किने बताए । मलेसियामा आयोजना हुने एसीसीमहिला टी-२० च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्न अन्तिम चरणको बन्द प्रशिक्षणका लागि १९ सदस्यीय टोलीले नेपाली वर्षा यामलाई छल्दै अभ्यास गरिरहेको छ । मौसम प्रतिकुल भए पनि टोलीले अनुकूल अनुसार अभ्यासलाई तीव्रता दिइरहेको छ ।

पछिल्ला पटक सम्पन्न युगाण्डासँगको शृंखलामा भएका कमी कमजोरी सुधार गर्न टोली तल्लीन छ । सोही शृंखलापछि टोलीले मुख्यतया फिटनेस र फिल्डिङमा वर्कआउट गरिरहेको छ । मुख्य प्रशिक्षक जगत टमाटाले मौसम चुनौती भए पनि अभ्यासलाई निरन्तरता दिइरहेको बताए । फिटनेस र फिल्डिङमा केन्द्रित रहेर च्याम्पियनसिपका लागि कडा मिहिनेत गरिरहेको बताए । उनले भने, 'युगाण्डासँगको शृंखलापछि एक दिन बिराएर हामीले अभ्यासलाई निरन्तरता दिइरहेका छौं । फिटनेस र फिल्डिङमा भएको समस्यामा केन्द्रित रहेर हामीले अभ्यासलाई जोड दिइरहेका छौं । मौसम चुनौती भए पनि पानी नपर्दा मैदान उत्रिएर अभ्यास गरेका छौं भने बर्षा हुँदा हामीले इन्डोरमा अभ्यास गरेका छौ ।

यति धेरै मिहिनेत हामीले नतिजाका लागि गरिरहेका छौं । पाँच-पाँच घण्टा सधैं अभ्यास गरिरहेका छौं । जतिसक्दो राम्रो क्रिकेट खेलेर छनोट हुने लक्ष्य टिममा रहेको छ । यो बीचको अवधिमा हामीले ब्याटिङमा सुधार गर्नसकेका छौं ।'

एशियन क्रिकेट काउन्सिल (एसीसी) को आयोजना हुन लागेको प्रतियोगिता जुन १७ देखि २५ सम्म मलेसियामा हुँदैछ । १० टोलीले सहभागिता जनाउने प्रतियोगितामा आयोजक मलेसियासहित नेपाल, बहराइन, भुटान, हङकङ, कुवेत, सिंगापुर, ओमान, कतार र संयुक्त अरब इमिरेट्स (युएई) रहेका छन् । आयोजकले सहभागी १० टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । जसअन्तर्गत नेपाल समूह बीमा रहेको छ ।

नेपाल सम्मिलित समूहमा बहराईन, भुटान, हङकङ र कुवेत रहेका छन् । यस्तै समूह एमा मलेसिया, ओमान, कतार, सिंगापुर र युएई समावेश छन् । सहभागी टोलीमध्ये नेपाललाई चुनौती दिने हङकङ भएको प्रशिक्षक टमाटाको बुझाई छ । सन्तुलित टोली नेपाली टोली बलियो पक्ष भएकाले प्रशिक्षक टमाटाले च्याम्पियन हुने विश्वास व्यक्त गरे ।

समूहको प्रतिस्पर्धामा हरेक टोलीले एक आपसमा प्रतिस्पर्धा गर्नेछन् । समूह चरणको प्रतिस्पर्धापछि दुवै समूहका शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन् । फाइनलमा प्रवेश गरेका दुई टोली अक्टोबरमा आयोजना हुने महिला टी-२० एशियाकपमा छनोट हुनेछन् ।

छनोट हुने टोली भारत, पाकिस्तान, श्रीलंका र आयोजक बंगलादेश जस्ता टोलीसँग एशियाकप खेल्नेछन् । प्रतिस्पर्धामा नेपालले जुन १७ मा भुटानविरुद्ध खेल्दै प्रतियोगिताको आरम्भ हुनेछ । यस्तै नेपालले जुन १८ मा किनरारा स्टेडियममा कुवेतको सामना गर्दा तेस्रो खेल जुन २० मा बहराइनविरुद्ध खेल्नेछ । यस्तै अन्तिम खेल नेपालले जुन २१ मा हङकङविरुद्ध खेल्ने तालिका रहेको छ । -साभार: रातोपाटी

# दलित छात्रको पठनपाठनको जिम्मा गुरूकुलले लिने




काठमाडौं/२१ जेठमा बर्दियाका नरेन्द्र सुनार आफ्ना २ जना छोरासहित ४ जना बच्चालाई पुरोहित पढाउन ललितपुर हान्निँदा दलित भएकै आधारमा भर्नाबाट नै बन्चित भइन्छ भनेर सोचेका पनि थिएनन् । शंखमुलस्थित जगद्गुरु आदर्श संस्कृत गुरुकुलमा भर्ना गर्ने तयारीसहित जब आश्रम पुगे तब नरेन्द्रका लागि ठिक उल्टो बन्यो । सोधखोजको क्रममा अध्ययन गर्ने बालक दलित भएको थाहा पाएपछि भर्ना सिट नभएको भन्दै गुरुकुलले त्यतिकै फर्काइदियो ।

तर, कहिलेकाही कसैले नराम्रो गर्न खोज्दा राम्रो बनिदिन्छ भन्ने भनाइ नरेन्द्र सुनारलाई लागू भएको छ । दलित भएकै आधारमा भर्ना नपाएको समाचार केही सञ्चार माध्यमहरुले सम्प्रेषण गरेपछि नरेन्द्रका छोराहरूले ३०४ वर्ष पुरानो देशकै जेठो गुरुकुल महोत्तरीको मट्टीहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालयमा भर्ना हुने सौभाग्य प्राप्त गरेका छन् ।


'केही सञ्चार माध्यममा दलित भएकै आधारमा भर्ना नपाएको भन्ने समाचार देखेपछि हामीले भर्ना गर्ने घोषणा गरेका हौं', मट्टीहानीस्थित उक्त गुरुकुलका प्राचार्य ईश्वरी पौडेलले भने । चारै जना छात्रहरूको पठनपाठन, बसोबास र खानपानको सम्पूर्ण व्यवस्था गुरुकुलले नै जिम्मा लिने प्राचार्य पौडेलको भनाइ छ ।

बालगुरु षडानन्दले समेत शिक्षा लिएको उक्त गुरुकुलमा कसैलाई पनि भेदभावको नजरले नहेरिने बताउदै प्राचार्य पौडेलले भने 'हाम्रो विद्यालयमा दलित मात्र हैन इस्लाम धर्मका धर्मावलम्बीहरू समेत अध्ययन गरिरहेका छन् ।'

४ मध्ये २ जनालाई चितवनको देवघाटमा भर्ना लिने बताए पनि पठनपाठनमा समस्या बन्ने अभिभावकहरुको गुनासो छ । ३ महिनासम्म परीक्षण हुने र त्यसपछि सुधार नभए पठनपाठनको जिम्मा नलिने शर्तमा भर्ना गर्न लागेको अभिभावकहरुको भनाइ छ ।

अभिभावकहरुको पुरोहित बनाउने सपनालाई साकार बनाउन आफूहरु प्रतिबद्ध रहेको बताउदै प्राचार्य पौडेलले छात्रहरूलाई निर्धक्क भएर मट्टीहानीस्थित गुरुकुल पठाउन आग्रह गरे । -साभार: रातोपाटी

# प्राकृतिक कच्चा पदार्थका कलाकृति प्रदर्शनीमा





काठमाडौं/प्राकृतिक रेशायुक्त वनस्पतिका कच्चा पदार्थहरुबाट बनेका कलाकृतिहरु प्रदर्शनीमा राखिएका छन् । बबरमलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा नटक्राफ्ट सेन्टर र काठमाडौं विश्वविद्यालयको कला विभागले संयुक्तरुपमा प्रदर्शनी आयोजना गरेका हुन् ।

शुक्रबारसम्म चल्ने प्रदर्शनीमा स्थानीयस्तरमै उपलब्ध हुने प्राकृतिक कच्चा पदार्थहरुबाट तयार गरिएका चित्र, मूर्तिदेखि घरको भित्री सजावटका लागि प्रयोग गरिने कलाकृतिहरु छन् । सजिलै पाइने वनस्पतिका कच्चा पदार्थलाई उपयोग गरी विगत तीन दशकभन्दा लामो समयदेखि नटक्राफ्ट सेन्टरले हस्तकला तथा शिल्पकलाका सामग्रीहरु उत्पादन गर्दै आएको छ ।

पराल, छ्वाली, मकैको खोस्टा, बाँस, केराको रेशा, सेरामिक फाइबर जस्ता कच्चा पदार्थहरुबाट बनेका घर सजावट तथा दैनिक प्रयोगमा ल्याउन सकिने हस्तकलाका सामग्रीहरुलाई आधुनिक डिजाइन र शैलीमा ढालिएका छन् । गोपाल कलाप्रेमी, सुशीला सिंहजस्ता कलाकारहरुका सेरामिक कलाकृतिहरु प्रदर्शनीमा छन् । प्रदर्शनीमा नेपाली परम्परागत सिप, कौशललाई कलासँग जोडिएको सामग्री छन् ।

नेपाली संस्कृति, परम्परा र परिवेशसँग जोडिएको हाम्रा मौलिक सीप र कलालाई नयाँ पुस्तामा शैक्षिक तथा प्राज्ञिक तहबाट नै लैजाने उद्देश्यले काठमाडौं विश्वविद्यालयको कला विभागसँग सहकार्य गरिएको सेन्टरमा आबद्ध माया राईले बताइन् । सेन्टरले विशेषगरी नेपालको सामुदायिक स्तरको पहुँचमा पुगेर देशको सांस्कृतिक पहिचान, वातावरण संरक्षण र महिला सशक्तीकरणलाई जोडेर विभिन्न हस्तकला र शिल्पकलाई जोड दिइरहेको छ । 'हाम्रो कलाकृति र हामीले बनाउने सामग्रीहरु हाम्रै गाउँघरमा उपलब्ध छन्,' उनले भनिन्, 'यसले हाम्रो संस्कृति, सीप र वातावरण संरक्षणलाई समेत प्रवर्द्धन गर्ने भएकोले हाम्रो नयाँ पुस्ताले सिक्न जरुरी छ ।'

काठमाडौं विश्व विद्यालयसँगको सहकार्यले स्थानीय स्तरको सीप शिक्षित वर्ग हुँदै अन्तर्राष्ट्रियस्तरमा जाने उनको भनाइ छ । उनका अनुसार सेन्टरमा अहिले देशका विभिन्न जिल्लाका दुई सयका हारहारमा महिलाहरु आबद्ध छन् । स्थानीयस्तरका महिला र उनीहरुको सीपलाई समेत आधुनिक शैलीमा लैजानु सेन्टरको उद्देश्य छ ।

कलाकृतिहरु प्रत्यक्षरुपमा वातावरण र सीपसँग जोडिने भएकाले यसले युवापुस्तालाई सीपमूलक बनाई आर्थिक स्थिति सुधारमा समेत टेवा पुग्ने उनले बताइन् । प्रदर्शनीले स्थानीय सीप र कलालाई काठमाडौं जस्ता केन्द्रीयस्तरका बजारको पहुँच र प्राज्ञिक तहमा पुग्न सघाउ पुर्‍याउने सेन्टर र विश्वविद्यालयको विश्वास छ । -साभार: इकान्तिपुर

# चाकडी: समाज बिगार्ने कुसंस्कारको अवशेष

काठमाडौं/जागिर चाहियो, चाकडी गर्नुपर्छ । कुनै उद्यम-व्यवसायका लागि अनुमति लिनुपर्‍यो, चाकडी गर्नुपर्छ ।

वित्तीय संस्थाबाट ऋण लिनुपर्‍यो, चाकडी नै गर्नुपर्छ । कुनै ठेक्कापट्टा लिनुर्‍यो, चाकडी गर्नुपर्छ । हुँदा-हुँदा छोराछोरीलाई राम्रो विद्यालयमा भर्ना गरिदिन, राम्रो अस्पतालमा उपचार गराउन पनि चाकडी गर्ने प्रवृत्ति व्यापक छ ।

चाकडी संस्कार कतिसम्म मौलाएको छ भने कुनै पनि कामको लागि विधि वा प्रक्रिया पुर्‍याएर पनि चाकडी गरिएन भने आफ्नो काम फत्ते हुँदैन । चाकडी गर्नैपर्छ ।

मान्छेले गर्ने व्यवहार कतै त कतैबाट सिकेको हुन्छ । समाजबाट तथा परिवारबाट पनि मान्छेमा चाकडी प्रवृत्तिको विकास हुन्छ । मैले कसैको चाकडी गरे वा उसलाई फुर्काए भने मेरो काम बन्छ भन्ने मनोविज्ञानले मानिसलाई 'गाइड' गरिरहेको हुन्छ । जसले गर्दा मानिसहरू चाकडी गर्ने प्रवृत्तितिर आकर्षित हुने मनोविद् विनोद पौडेल बताउँछन् ।

'एउटा कामको लागि चाकडी गर्‍यो र त्यो काम सफल भयो भने अर्को कामको लागि पनि चाकडी गर्न मानिस प्रोत्साहित हुन्छ । मेहनत भन्दा त चाकडी सजिलो रहेछ भन्ने सोच्न थाल्छ,' उनी भन्छन् ।

कुनै गल्ती गर्‍यो भने मन्दिरमा गएर देवतालाई केही चढायो भने गल्ती माफ हुन्छ भनेर भगवानको समेत चाकडी गर्ने प्रवृत्ति हाम्रो संस्कृतिमा नै छ । त्यसैले मान्छेलाई पनि नगद जिन्सी दिएर वा चाकडी गरेर फकाउने प्रवृत्ति मानिसमा विकास भएको पौडेलले बताए । 'अल्छीपनले मानिसहरूमा चाकडी प्रवृत्तिको विकास गर्छ । मेहनत नगरी लक्ष्यमा पुग्नका लागि चाकडीको माध्यमबाट सजिलो हुन्छ भन्ने कुराले पनि मानिसलाई प्रेरित गरिरहेको हुन्छ,' पौडेल भन्छन्, 'जसले गर्दा मनोवैज्ञानिक रूपमा सानो सानो कुरामा पनि चाकडी गर्ने, गुलामी गर्ने, चिप्लो घस्ने त्यो प्रकारको व्यवहार मानिसमा विकास हुँदै जान्छ ।'

चाकडीकै कारण नेपालमा योग्यता नभएका व्यक्ति समेत मन्त्री बनिरहेका छन् । नेतृत्वलाई चाकडी गर्ने र पद हत्याउने प्रवृत्ति एकदमै मौलाएको प्रा.डा राजेश गौतम बताउँछन्

कुनै व्यक्तिले केही कुरामा गल्ती गर्‍यो भने त्यसलाई ढाकछोप गर्न मद्दत गर्ने जुन निकाय र व्यक्ति हुन्छन् उनीहरूले यो चाकडीपनलाई प्रोत्साहन गरिरहेका हुन्छन् । चाकडी गर्‍यो भने यो त मेरो मान्छे हो भनेर उसले गल्ती गरेको होइन भनेर ढाकछोप गर्ने भएकाले उनीहरूको चाकडी गर्न ती मानिस बाध्य पनि हुन्छन् ।

कुनै व्यक्तिमा क्षमता छैन भने कुनै पनि पद प्राप्त गर्न उसले चाकडी गर्ने र रकम दिने गर्छन् । यसरी चाकडी गर्दा पद प्रतिष्ठा प्राप्त भयो भने उनीहरुमा चाकडी गर्ने प्रवृत्तिको विकास हुन्छ ।

कुनै पनि व्यक्तिले आफ्नो स्वार्थ पूरा गर्न चाकडी प्रवृत्ति अपनाउने गर्छ । यो प्रवृत्तिले चाकडी गर्ने व्यक्तिहरूको मात्र भलो हुन्छ, उनीहरूको मात्र प्रगति हुन्छ र उनीहरू नै उच्च पदमा पुग्छन् । चाकडी नगर्ने, आफ्नो कर्ममा विश्वास गर्ने व्यक्तिलाई भने अवसरबाट बञ्चित गराइन्छ ।

समाजशास्त्री मञ्जु सिग्देल भन्छिन्, 'चाकडी गर्ने प्रवृत्तिको यसरी नै विकास हुँदै जाने हो भने कुनै काम पनि चाकडीबिना नबन्ने अवस्था आउँछ । जसले चाकडी प्रवृत्ति नभएका कर्मनिष्ठ व्यक्तिहरूमा पनि यो प्रवृत्तिको विकास हुन्छ ।'

अस्पताल, विद्यालय र सरकारी कार्यालय जहाँ पनि आफ्नो मान्छे छ भने मात्र छिटो काम बन्ने र नभए नहुने प्रवृत्ति बढ्दो छ । जसले समाज र नीति नियम सबै बिग्रँदै गएको सिग्देलको तर्क छ ।

'धेरै लामो समयदेखि यो प्रवृत्ति हाम्रो समाजमा चल्दै आएको हुनाले यसले निरन्तरता पाइरहेको छ । पहिलेको तुलनामा अहिले धेरै व्यक्ति पढेलेखेका छन् । र, यो प्रवृत्ति गलत हो भनेर आवाज उठाउँछन्,' सिग्देल भन्छिन्, 'तर त्यहीं पढेलेखेका व्यक्तिहरूले पनि कुरामा एउटा र व्यवहारमा अर्कै गर्छन् ।'

अहिले २१ औं शताब्दीको युग हो र अब यो चाकडी प्रवृत्तिको अन्त्य गर्नुपर्छ भन्नेहरु नै आफ्नो काम बनाउन पैसा खुवाउन पछि नपर्ने उनी बताउँछिन् । चाकडी गर्ने प्रवृत्ति समाजबाट नै मानिसहरूले सिकिरहेका छन् । राजनीतिमा यो कुरा झन् धेरै लागू भएको छ । -साभार: अनलाइनखबर

# पृथ्वी राजमार्गको विकल्प बुद्धसिं मार्ग, पुल निर्माणमा ढिलाइ



दमौली/पृथ्वी राजमार्गको विकल्पका रुपमा रहेको बुद्धसिं मार्ग कालोपत्र गरिने भएको छ । गण्डकी प्रदेश सरकारको सहयोगमा तनहुँको दमौलीदेखि चितवनको घुमाउनेसम्म जोडिने बुद्धसिं मार्ग कालोपत्र गर्न लागिएको हो ।

दमौलीदेखि सुढेसम्मको दश किलोमिटर सडक कालोपत्रका लागि टेन्डर भएको पूर्वाधार विकास कार्यालय तनहुँले जनाएको छ । कार्यालयका अधिकृत दधिराज पौडेलले उक्त सडकखण्डमा कालोपत्रका लागि टेण्डर निकालिएको जानकारी दिए । प्रदेश सरकारलेयो मार्गलाई प्राथमिकतामा राखेको छ । प्रदेश सरकारका आन्तरिक मामिलामन्त्री डोबाटे विश्वकर्माले यस वर्ष उक्त सडकका लागि ४६ करोड रुपैयाँ विनियोजन गरिएको जानकारी दिए ।

'प्रदेश सरकारले यो मार्गलाई प्राथमिकतामा राखेको छ, नीति तथा कार्यक्रममा पनि समावेश भएको छ', विश्वकर्माले भने, 'पृथ्वी राजमार्गको विकल्प बन्न सक्ने यो बाटो स्तरोन्नतिमा प्रदेश सरकार प्रतिबद्ध छ ।' चितवनको घुमाउनेमा पक्की पुल नहुँदा दमौलीबाट गएका सवारी साधन पार गर्न मिल्दैन । 'घुमाउनेमा पुल निर्माणमा ढिलाइ भएकाले पनि भए वैकल्पिक मार्गका रुपमा प्रयोग गर्न सकिएको छैन', उनले भने ।

विसं २०७५ माघमा सम्झौता भएको पुल विसं २०७८ पुस मसान्तसम्म सम्पन्न गर्नुपर्ने समयसीमा थियो । पुलको काम ३० प्रतिशत मात्रै सकिएको छ । हेटौंडास्थित मृत सञ्जीवनी कम्पनीले पुलको डिजाइन परिवर्तन र मुग्लिङ-नारायणगढ सडक आयोजनाको अवरोधका कारण काममा ढिलाइ भएको दाबी गर्दै आएको थियो ।

एक सय पाँच मिटर लम्बाइ र फुटपाथसहित ११ मिटर चौडाइ रहने उक्त पुल आधुनिक 'आर्क' डिजाइनमा बन्नेछ । पुलको लागत आठ करोड २६ लाख रहेको छ । उक्त पुल निर्माण सम्पन्न भएपछि गण्डकी प्रदेशको राजधानी पोखरासहित विभिन्न जिल्लाका नागरिकलाई चितवनसहित पूर्वी र पश्चिम तराई जान २५ किलोमिटर छोटो दूरी पर्छ ।

पोखरा-नारायणगढ सडकको विकल्पमा तयार गरिएको बुद्धसिंह मार्गको थप स्तरोन्नति र घुमाउनेमा पुल निर्माण सम्पन्न भएपछि यस क्षेत्रका नागरिकलाई चितवन र तराईका विभिन्न जिल्लामा जान समय बचत हुन्छ । उक्त पुल निर्माणपछि घुमाउनेबाट तनहुँ सदरमुकाम दमौली निस्कन अहिले प्रयोग भइरहेको मुग्लिङ, आँबुखैरेनी र डुम्रे हुँदै जाने सडकभन्दा २५ किलोटिमर छोटो पर्न जान्छ ।

तनहुँको दमौलीबाट घुमाउनेघाटसम्म नियमित रुपमा साना बसहरू तथा दुईपाङ्ग्रे सवारी साधन आउने जाने गरे पनि दुईपाङ्ग्रे सवारी साधन भने झोलुङ्गेपुल तरेर मुग्लिङ-नारायणगढ सडकमा निस्कन्छ भने बस तथा अन्य सवारी साधन भने पुलको अभावमा उतै रोकिन बाध्य छन् । धेरै वर्ष पहिला यो सडकको ट्र्याक खोलिए पनि बजेट अभावमा काम अगाडि बढ्न सकेको छैन । पोखरा र दमौलीलाई नारायणगढसम्म जोड्ने सबैभन्दा छोटो दूरीको बुद्धसिंह मार्गमा पर्नेसाराङघाट केही वर्षअघिसम्म सुनसान र उजाड थियो । सडकको ट्र्याक खुलेसँगै यो मार्गमा अहिले व्यापारिक चहलपहलसमेत बढेको छ ।

बुद्धसिं मार्गमा यातायात सञ्चालन सुरु भएपछि सडक क्षेत्रमा पर्ने साना बस्तीहरु अहिले बजार बनेका छन् । यो सडकअन्तर्गत पर्ने सबैभन्दा ठूलो बजार सराङघाट हो । बुद्धसिंह मार्गमा हाल दमौलीबाट दैनिक ६/७ वटा बस र उत्तिकै संख्यामा जीपहरु चल्ने गर्छन् ।

उक्त सवारी साधन आँबुखैरनी गाउँपालिका-६ को घुमाउनेसम्म पुगेर पुन: दमौलीतर्फ नै फर्कन्छन् । घुमाउनेमा मोटरेवल पुल नहुँदा यातायातका साधन तनहुँकै सिमानामा पुगेर फर्कन बाध्य छन् । मोटरसाइकल भने डोर्‍याएर मुग्लिङ-नारायणगढ सडक खण्डसम्म ल्याउन सकिन्छ । -साभार: अनलाइनखबर

# ९ घन्टापछि सेनाले गर्‍यो माइलाको उद्धार



काठमाडौं/ नुवाकोटको ककनीस्थित त्रिशुली प्रशारण लाइनमा झुन्डिएका माइला विकको उद्धार गरिएको छ ।

नेपाली सेनाको टोलीले उनको उद्धार गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रूपक खड्काले जानकारी दिए ।

काठमाडौंबाट सेनाको टोली हेलिकप्टर लिएर उडेको थियो । त्यहाँ सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोली समेत खटिएको थियो । दिनभर उनलाई फकाएर उद्धार गर्न खोजेपनि सकेको थिएन ।

उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री पम्फा भुसालले उनको उद्धार गर्न सहयोग मागेपछि नेपाली सेनाको हेलिकप्टरसहितको टोली ककनी उडेको थियो ।

'नेपाली सेनाको टोलीले भर्खरै उद्धार गर्नुभएको छ । उहाँहरूले पोलमा चढेर उद्धार गर्नुभयो,' उनले भने ।

शनिबार बिहान करिब १० बजे बेलकोटगढी नगरपालिका-१३ घलेगाउँका ४५ वर्षीय माइला प्रशारण लाइनको विद्युतीय पोलमा चढेका थिए । उनी चढेको देखेपछि स्थानीयले विद्युत लाइन बन्द गराउन लगाएका थिए ।

पोलपछि उनी तारमा समेत झुन्डिन पुगेका थिए । उनलाई स्थानीय तथा प्रहरीले खाना खुवाउन बोलाएर पनि तल झार्ने प्रयास गरेका थिए । तर उनी झरेनन् ।

यसरी दिनभर जस्तो विद्युत आपूर्ति बन्द हुँदा नेपाल विद्युत प्राधिकरणले भारतबाट आपूर्ति गरेको हो । दिनभर विद्युत बन्द हुँदा एक करोडको हाराहारीमा क्षति पुगेको प्रवक्ता सुरेशबहादुर भट्टराईलेरु जानकारी दिए । -साभार: सेतोपाटी

# स्वास्थ्य र शिक्षालाई सेवाका रुपमा लिनुपर्छ : महानगर प्रमुख साह

काठमाडौं/काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साहले स्वास्थ्य र शिक्षालाई व्यापारका रुपमा नभई सेवाका रुपमा प्रवाह गरिनुपर्नेमा जोड दिएका छन् ।

क्षत्रपाटी नि:शुल्क चिकित्सालयको नवनिर्मित भवन अवलोकन तथा त्यहाँबाट प्रवाह भइरहेको सेवाको अनुगमनका क्रममा उनले सो कुरा बताएका हुन् । महानगर प्रमुख साहले उक्त अस्पतालबाट असहाय, गरिब तथा आर्थिक अभाव भएकालाई नि:शुल्क उपचारको ग्यारेन्टी गर्न पनि उक्त चिकित्सालयलाई निर्देशन दिए ।

शिक्षा र स्वास्थ्य भनेको सरकारको प्राथमिक एजेण्डा हो यसलाई सेवाकै रुपमा लिनुपर्छ, व्यापार हुनु हुँदैन भन्ने सोचले काम गर्नुस् आवश्यक पर्ने सहयोग गर्न आफू तयार भएको उनले बताए । स्वास्थ्य र सरसफाइमा कामपाले उच्च चासो दिएको बताउँदै महानगर प्रमुख साहले यसका लागि नयाँ योजना तथा सल्लाह र सुझाव लिएर आउनेसँग सहकार्य गरिने प्रतिबद्धता पनि जनाए । अस्पताल प्रवेश गर्ने जोसुकै पनि अहिलेसम्म उपचारविहीन अवस्थामा फर्कनु नपरेको अस्पतालले जनाएको छ । -साभार: रातोपाटी

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# डिफेन्डिङ च्याम्पियन आर्मी उपाधि नजिक

साझाकुरा संवाददाता



हेटौंडा, २८ जेठ/ हेटौंडा जारी स्थानीय तह सहिद स्मृति अन्तराष्ट्रिय मकवानपुर गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा विभागीय टोली त्रिभुवन आर्मी क्लब पुगेको छ ।

हेटौंडा-५, स्थित पिप्ले क्याम्पा रंगशालामा शनिवार भएको खेलमा विदेशी खेलाडीले भरिएको एभिनियर एफसी क्यामरुपलाई पेनाल्टी सुटआउटमा १०-११ गोलले पराजित गर्दै डिफेन्डिङ च्याम्पियन आर्मी फाइनलमा प्रवेश गरेको हो । निर्धारित ९० मिनेट खेलमा १-१ गोलको बराबरी भएपछि ट्राईब्रेकरमा धकेलिएको थियो । दोस्रो हाफको सुरुवातीमै आर्मीका दिनेश हेम्जनले गोल गर्दै टोलीलाई अग्रता दिलाए । एभिनियर एफसीका डिजिकाले गोल गर्दै खेल बराबरीमा ल्याए । निर्धारित समयमा खेल बराबरी भएपछि ट्राईब्रेकरमा पनि खेलमा ३-३ गोलको बराबरी भएको छ ।

सडनडेथमा पनि दुबै टोलीका ६-६ खेलाडी पेनाल्टी प्रहार गरेका थिए । सडनडेथमा पनि ८-८ गोलको बराबरी भएपछि खेलको छिनोफानो भएन । त्यसपछि खेलको निर्णय लिन खेलाडीहरुले पुन: दोहोऱ्याएर पेनाल्टी प्रहार गर्नु परेको थियो । पुन: पेनाल्टीमा आर्मीका तीन खेलाडीले लगातार गोल गरेका थिए ।

तर, एभिनियर एफसीका एक खेलाडी गोल गर्नबाट चुकेका थिए । पुन: पेनाल्टी सुट आउटमा आर्मी भाग्यमानी सावित हुँदै प्रतियोगिताको फाइनलमा प्रवेश गरेको हो । विभिन्न तीन चरणमा भएको पेनाल्टीमा दुबैबाट १४-१४ वटा प्रहार गरिएको थियो । जसमा आर्मी र एभिनियर एफसीका ३-३ खेलाडीले दोहोऱ्याएर पेनाल्टी प्रहार गरेका थिए । खेलको म्यानअफ द म्याच आर्मीका दिनेश चुनिएका छन् । उनले नगद १० हजार हात पारे । अब आर्मीले उपाधि रक्षाका लागि घरेलु टोली विजय युथसँग भोली सोमबार खेल्नेछ ।

जिल्ला फुटबल संघ मकवानपुरको आयोजनामा भएको गोल्डकप विजेताले नगद १५ लाख र उपविजेता नगद १० लाख पाउने छन् । प्रतियोगिताको सर्वोउत्कृष्ट खेलाडीले बुलेट बाइक हात पार्नेछन् भने विधागत उत्कृष्ट हुने खेलाडी र प्रशिक्षकले जनही २५-२५ हजार पाउने छन् ।

# पाकिस्तानमा हिन्दु मन्दिरमा तोडफोड, स्थानीय त्रासित



वीरगञ्ज, २८ जेठ/ पाकिस्तानको सिन्ध प्रान्तको राजधानी कराँचीको कोरङ्गी क्षेत्रमा बुधबार हिन्दु धर्मावलम्बीको मारी माता मन्दिरमा तोडफोड भएको छ । मन्दिरमा रहेको मुर्तिलाई अपवित्र गरिएको खबर पनि आएको छ ।

प्रहरीले यस मामिलामा एफआइआर दर्ता गरेर कानुनि कारवाही अगाडि बढाए पनि आक्रमणपछि उक्त क्षेत्रमा बसोबास गर्ने हिन्दु धर्मावलम्बीहरुमा डरको माहोल सृजना भएको छ ।

अखिल कराँची मद्रासी हिन्दु पञ्चायतका अध्यक्ष एसके शमीमले भने, "अज्ञात व्यक्तिहरुको समूह बन्दुक लिएर मन्दिर परिसरमा प्रवेश गरेको थियो । उनीहरूले मन्दिरका पुजारीलाई बोलाउनुहोस् वा कुनै ठूला व्यक्तिलाई ल्याइदिनु भनेका थिए । यो संयोग हो कि त्यतिबेला त्यहाँ कोही थिएनन् । उनीहरुले मन्दिरको रंग र सरसफाई गर्ने बालबालिकालाई धम्की दिए ।" बालबालिकाहरुलाई धम्की दिएपछि उनीहरुले पहिला भगवान हनुमान मन्दिर र त्यसपछि गणेश मन्दिर भत्काए र फेरि आउछौं भनेर फिर्ता गएको स्थानीयहरुले बताएका छन् ।

अखिल कराँची मद्रासी हिन्दु पञ्चायतका सदस्य र स्थानीय बासिन्दा सञ्जीव कुमारले भने, "हामी सन् १९६१ देखि यस क्षेत्रमा बस्दै आएका छौं । यहाँ यस्तो पहिले कहिल्यै भएको थिएन ।"

कराचीमा करिब एक सय तमिल हिन्दु परिवारहरू बसोबास छ । जसमध्ये १५ परिवार कोरङ्गी क्षेत्रमा र बाँकी मद्रासी पारामा बस्छन् । मद्रासी पारा कराँची क्यान्टोनमेन्टको छेउमा छ । बुधबार यो घटना भएको बेला मारी अम्मान पर्वका लागि मारी माताको मन्दिर रंगाइँदै थियो । -साभार: यात्रा डेली

# समृद्धि फाइनान्सद्वारा ज्येष्ठ नागरिकको सम्मान

साझाकुरा संवाददाता



हेटौंडा, २८ जेठ/ हेटौंडा-१ स्थित समृद्धि फाइनान्स कम्पनी लिमिटेड हेटौंडा शाखाले शनिबार हेटौंडा उपमहानगर क्षेत्रका ज्येष्ठ नागरिकलाई सम्मान गरेको छ ।

फाइनान्सले संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह गर्ने क्रममा हेटौंडा उपमहानगरपालिकाको १९ वडाका एकसय जना ज्येष्ठ नागरिक र हेटौंडा उपमहानगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधिलाई सम्मान गरेको हो ।

फाइनान्सका मुख्य व्यवस्थापक विनोदराज पौडेलको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा उपस्थित ज्येष्ठ नागरिकहरुलाई खादा, सम्मानपत्र र मायाको चिनो दिएर सम्मान गरिएको थियो । कार्यक्रममा हेटौंडाका नवनिर्वाचित उपप्रमुख राजेश बानियाँ र फाइनान्सको शाखा अवस्थित हेटौंडा-१ का नवनिर्वाचित वडा अध्यक्ष सविन न्यौपानेलाई खादा, सम्मानपत्र र मायाको चिनो दिएर सम्मानित गरिएको शाखा प्रबन्धक राजन शर्माले जानकारी दिए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि उपप्रमुख बानियाँले ज्येष्ठ नागरिकहरु समाजको सम्पत्ति भएकोले उनीहरुको ज्ञान, सीपलाई वर्तमान पिडिलाई सिकाउनु जरुरी रहेको बताए ।

वडा अध्यक्ष न्यौपानेले जुन समाजमा ज्येष्ठ नागरिकको सम्मान र आदर हुन्छ, त्यो समाज नै समृद्ध र शुसंस्कृत समाज हुने भन्दै समृद्धि फाइनान्सले ज्येष्ठ नागरिकको सम्मान गरेर समृद्ध र सुसंस्कृत समाज निर्माणको अभियान थालेकोमा खुशी व्यक्त गरे ।

# भाइरल लटरम्मेश्वरमा पर्यटकको घुँइचो

साझाकुरा संवाददाता



हेटौंडा, २८ जेठ/ पछिल्लो समय भिमफेदी गाउँपालिकामा पर्ने धार्मिक पर्यटकीय क्षेत्र लटरम्मेश्वर महादेवको मन्दिरमा आन्तरिक पर्यटकको घुइचो लागेको छ ।

बकैया र भिमफेदी गाउँपालिकाको सीमाना पर्ने लटरम्मेश्वर महादेवको मन्दिर नयाँ पर्यटकीय गन्तव्यका रुपमा विकसित भएको छ । यो भाइरल हुनुमा लटरम्मेश्वर महादेव मन्दिर पुग्न करिब ३ घण्टा पैदल यात्रा गर्नुपर्ने र यात्राका क्रममा देखिने मनोमोहन दृश्य हो ।

भीमफेदी गाउँपालिका-८ र बकैया गाउँपालिका-१२ को सिमामा पर्ने महादेब मन्दिर पुग्न कान्तिलोकपथको ४० किलोमिटर यात्रा गर्नुपर्ने हुन्छ ।

समुन्द्री सतहबाट करिब २ हजार मिटर अग्लो स्थानमा रहेको मन्दिरमा काठमाण्डौं उपत्यका, हेटौंडा, तराईका जिल्लामा बसोबास गर्नेहरुको लागि छोटो 'ट्रेकिङ रुट'सहितको उत्कृष्ट गन्तव्य बनेको हो ।

भिमफेदी गाउँपालिकाले उक्त धार्मिक पर्यटकीय स्थलको डीपीआर निर्माण गरेर काम गरिरहेको गाउँपालिका अध्यक्ष हिदम लामाले जानकारी दिए । लटरम्मेश्वरलाई बागमती प्रदेशकै नमुना धार्मिक पर्यटकीय स्थल बनाउन गाउँपालिकाले काम गर्ने लामा बताउँछन् । यहाँ पुग्न कान्थिलोकपथ हुँदै मोटरबाटोबाट महादेबटार हुँदै चिलाउने डाँडासम्म पुग्न सकिन्छ । चिलाउनेबाट करिब ३ घन्टाको उकालो पैदलमार्ग पूरा गरेपछि मन्दिर मा पुगिने लामाले बताए । मन्दिर क्षेत्रमा कुनै खान र बस्नको राम्रो प्रबन्ध नरहेकाले पर्यटकहरुले दु:ख पाउनु परिरहेको छ । हिन्दु धर्मको पौराणिक कथा अनुसार महादेवको पत्नी सतिदेबीले देहत्याग गरेपछि महादेवले उनको शरिर लिएर हिड्ने क्रममा उनको जटा (टाउकोको कपाल) पतन भएको स्थानको रुपमा लटरम्मेश्वरलाई लिइने स्थानीय बताउँछन् । सतिदेबीको जटा झरेर पतन भएको पौराणीक कथा अनुसार उक्त स्थानको नाम लटारम्मेश्वर महादेब भएको बताइन्छ ।

# 'मिडियामा मधेसका मुद्दा आवश्यक'



काठमाडौं, २८ जेठ/ राज्यको व्यवहारका कारण मधेस र पहाडी समुदायबीच लामो समयदेखि अविश्वास रहँदै आएको भन्दै अभियन्ताले चिन्ता व्यक्त गरेका छन् । यद्यपि समुदायस्तरमा विश्वास कायम गर्न सबैले आआफ्नो ठाउँबाट पहल गर्नुपर्ने उनीहरूले सुझाव दिए ।

'परिवर्तनको अभियान नेपाल'को आयोजनामा मधेस मुद्दामा मिडियाको भूमिका विषयक कार्यक्रमका वक्ताहरूले मधेसी समुदायलाई हेर्ने विभेदपूर्ण दृष्टिकोण अझै परिवर्तन हुन नसकिरहेको चिन्ता व्यक्त गरेका थिए । शुक्रबार काठमाडौंको यस कार्यक्रममा पत्रकार तथा लेखक वसन्त बस्नेत र मिडिया अनुसन्धानकर्ता प्रियंका झाले यसबारे आफ्नो प्रस्तुति दिएका थिए । बस्नेतले मधेसी समुदाय लामो समयदेखि विभेदमा पारिए पनि नेतृत्व तहबाट जनताहरू ठगिने गरेको बताएका थिए । यद्यपि पछिल्लो समय मिडियामा मधेसका मुद्दाले स्थान पाउने गरेको उनले बताए । बस्नेतले अनुभव साट्दै मधेसबारे अझै धेरै कुरा आउन बाँकी रहेको पनि बताए ।

यस्तै मिडियाकर्मीहरू जानेर वा अन्योलमा पनि मधेसप्रति पूर्वाग्रही बन्ने गरेको झाले बताएकी थिइन् । उनले मिडियाले विचार निर्माण गर्न सक्ने क्षमता राख्ने भन्दै कतिपय सन्दर्भमा मिडियाले गलत नियतले पनि मधेसप्रति गलत सूचना फैलाउने गरेको स्मरण गराएकी थिइन् । उनले ऋतिक रोशन प्रकरणलाई एक उदाहरणका रूपमा प्रस्तुत गर्दै मधेसी समुदायले पनि मिडियालाई अपनत्व गर्न सक्ने अवस्था सिर्जना गर्नुपर्ने सुझाव दिएकी थिइन् । यस्तै विश्लेषक तथा अभियन्ता तुलानारायण साहले दुवैको प्रस्तुतिमाथि टिप्पणी गरेका थिए । उनले मधेसको पछिल्लो सामाजिक राजनीतिक अवस्था बुझ्नका लागि राज्यले सदियौंदेखि गरेको व्यवहारलाई बुझ्नुपर्ने बताए ।

पञ्चायतकालदेखि नै मधेसमाथि संरचनागत रूपमा राज्यले कसरी व्यवहार गरेको छ भन्नेबारे इतिहासको व्याख्या गरेपछि मात्रै मधेस र पहाडी समुदायबीच विश्वास स्थापित गर्न सहज हुने टिप्पणी गरे । साहले कुनै व्यक्ति वा समुदायको पहल मात्रै नभएर राज्य, मिडिया र बौद्धिकस्तरबाटै यसका लागि पहल गर्नुपर्ने सुझाव दिए । साथै मधेसमाथि विभेद भएको इतिहास स्वीकार गरेर मात्रै रूपान्तरण सम्भव भएको उनले औंल्याएका थिए । कार्यक्रममा 'परिवर्तनको अभियान नेपाल' का संस्थापक अध्यक्ष केशव दाहालले भारतमा त्यहाँका पूर्वउत्तर समुदायका बासिन्दामाथि भएको विभेद देखेर आफूले पनि नेपालको मधेसी समुदायमाथि भइरहेको बहिष्करणबारे अनुभूति गरेको बताएका थिए । जसकारण नेपालका पहाडे र मधेसी समुदायबीच जनस्तरबाट विश्वास र हार्दिकता विकास गर्नुपर्ने बताए ।

यस्तै महासचिव सरोज ढुंगानाले आफूहरूले समुदायमा रूपान्तरणका लागि एक अभियान नै सञ्चालन गरेको बताए । साथै युवा वर्गमा दुई समुदायबीच विश्वास र प्रेम जगाउनका लागि आफूहरूको अभियान केन्द्रित रहेको ढुंगानाले बताए । -साभार: इकान्तिपुर

# गैरआवासीय संघको प्रतिनिधि मण्डलद्वारा प्रधानमन्त्री देउवासँग भेट

काठमाडौं, २८ जेठ/ गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष कूल आचार्य र अध्यक्ष डा. बद्री के.सीसहितको प्रतिनिधि मण्डलले प्रधानमन्त्री शेरबहादुर देउवासँग भेटघाट गरेको छ ।

भेटघाटका क्रममा कार्यकारी अध्यक्ष आचार्य र अध्यक्ष केसीले गैरआवासीय नेपाली नागरिकता, गैरआवासीय नेपालीहरुको लगानी, वैदेशिक रोजगार तथा सामाजिक सुरक्षा, विदेशमा बस्ने नेपालीहरुको मताधिकारको विषयका साथै म्यानमार र थाईल्याण्डमा रहेका नेपालीहरुको पहिचानको समस्याबारे अवगत गराउँदै उनीहरुलाई गैरआवासीय नेपाली परिचय पत्र उपलब्ध गराउन अनुरोध गरेका छन् ।

अध्यक्षद्धले नेपाल सरकारले पेश गरेको नीति, कार्यक्रम तथा बजेटमा गैरआवासीय नेपाली संघले उठाउँदै आएका धेरैजसो विषयहरु सम्बोधन भएकोमा नेपाल सरकार प्रति हार्दिक आभार प्रकट गरेका छन् । यसै सन्दर्भमा प्रधानमन्त्री देउवाले प्रतिनिधि मण्डलले उठाएका विषयहरुमा चासो लिदै त्यस विषयहरु प्रति नेपाल सरकार सकारात्मक रहेको जानकारी दिए ।

आजको भेटघाट कार्यक्रममा उपाध्यक्ष नरेन्द भाट, उपाध्यक्ष दुर्गा आचार्य, महासचिव डा. केशव पौडेल, उपमहासचिव नारायण काफ्ले, मध्यपूर्वका क्षेत्रीय उपसंयोजक अमित राई, एनसिसि पोर्चुगलका प्रतिनिधि नरेन्द्र हमाल लगायतका गैरआवासीय नेपालीहरुको सहभागिता रहेको थियो ।

गैरआवासीय नेपाली संघले यही आउने १६ जुन २०२२ का दिन गैरआवासीय नेपाली नागरिकता, गैरआवासीय नेपालीहरुको लगानी, वैदेशिक रोजगार लगायत विषयमा एक दिने कार्यशाला प्रत्यक्ष तथा जुम प्रविधि मार्फत आयोजना हुन गइरहेको छ । यस कार्यक्रममा सहभागीताका लागि नेपाल सरकार सम्बन्धित मन्त्रालयहरु, राजनैतिकदलहरु र सरोकारवालाहरुसँग भेटघाटको क्रम रहेको छ । -साभार: रातोपाटी


## महत्वपूर्ण कागजात हरायो

मिति २०७९ जेठ २७ गते यातायातबाट बुद्धचोकसम्म आउने क्रममा मेरो निम्न ब्यहोराको ब्लुबुक र रुट परमिट हराएको हुँदा फेला पार्नु हुने महानुभावले तपसिलको ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनु हुन अनुरोध छ ।

**नाम**: समर बहादुर गुरुङ
**ठेगाना**: राप्ती नगरपालिका-७, विरेन्द्रनगर
**सवारी साधन नं.**: ना २ ह ७८५
**सम्पर्क**: ९८२११३९२३१


# लुकाएर ल्याएको सुनसहित तीन पक्राउ

काठमाडौं, २८ जेठ/ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सुनसहित तीन जना पक्राउ परेका छन् । शनिबार बिहान कुवेतबाट काठमाडौं आएका तीन जना यात्रुका पाइन्टभित्र सुन लुकाएर ल्याएको अवस्थामा पक्राउ गरेको भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक महेश भट्टराईले जानकारी दिए ।

विमानस्थलबाट प्रकाश दुनुवार, भुमाकुमार माझी र सरोज मोची भन्ने व्यक्ति पक्राउ परेका हुन् । उनीहरू जजिरा एअरलाइन्स जे ९ ५३९ बाट शनिबार बिहान काठमाडौं आइपुगेका थिए । चेक गर्नेक्रममा उनीहरूको पाइन्टको भित्री भागमा सुन लुकाएर ल्याएका हुन् । उनीहरूबाट २६० ग्राम सुन बरामद भएको छ ।

भट्टराईका अनुसार ती तीनै जना यात्रुलाई अन्य व्यक्तिले १/१ वटा पाइन्ट दिएर लगाउन दिएका थिए । नेपाल पुगेपछि पाइन्ट अर्कै व्यक्तिलाई बुझाउन भनेर उनीहरूलाई पठाएको उनले बताए । -सेतोपाटी

# किताबबिनै पढाइ



जनकपुरधाम, २८ जेठ/ रोशनी सिंह जनकपुरधामस्थित संकटमोचन माध्यमिक विद्यालयकी छात्रा हुन् । कक्षा-९ उत्तीर्ण गरी १० मा पुगेकी उनी नियमित विद्यालयमा उपस्थित हुन्छिन् । शिक्षकले पढाएको सबै नोट गर्छिन्, सिक्छिन् । तर, गृहकार्य गर्न पाउँदिनन् । कारण, किताब छैन ।

'पढाइ सुरु भएको एक महिना बित्न लागिसक्यो । अझै किताब आएको छैन,' उनले भनिन्, 'किताब नहुँदा पठनपाठनमा निकै समस्या भइरहेको छ ।'

सिंहजस्तै समस्या अनु ठाकुरले पनि सुनाइन् । 'कक्षाकोठामा सरले पढाउँदा हामी सिकेका हुन्छौं,' उनले भनिन्, 'तर, किताब नहुँदा हामीले सिकेको ज्ञान अभ्यासमा ल्याउन सकेका छैनौं । सरले सधैं गृहकार्य दिनुहुन्छ, त्यो पूरा गर्न सकेका छैनौं ।'

सरस्वती उच्च माध्यमिक विद्यालय कक्षा-८ मा अध्ययनरत रोशन यादवले पनि किताब अभावकै गुनासो गरे । किताब नहुँदा पढाइमा उत्साह कम भएको उनी सुनाउँछन् । किताबबिनै मधेस प्रदेशका ४० प्रतिशत विद्यार्थीको पढाइ सुरु गरिएको जनक शिक्षा सामग्री केन्द्र मधेस प्रदेश कार्यालयका प्रमुख इन्द्रप्रसाद खनाल बताउँछन् । उनका अनुसार कागजको अभाव र स्थानीय तह निर्वाचनका कारण पाठ्यपुस्तक छपाइमा ढिलाइ भएको छ । 'यसपालि स्थानीय निर्वाचनका कारण किताब छपाइमा डेढ महिना ढिला भयो,' उनले भने, 'मधेस प्रदेशमा ६० प्रतिशत विद्यार्थीको हातमा किताब पुगेको छ । बाँकी विद्यार्थीले पनि छिट्टै किताब पाउने गरी हामीले काम गरिरहेका छौं ।'

कक्षा-६ र ८ का किताब छाप्न समय लाग्न सक्ने उनको भनाइ छ । बाँकी कक्षाका किताब एक सातामै आइपुग्ने उनले बताए । 'सामुदायिक विद्यालयमा सधैँ पाठ्यपुस्तक ढिला आउँछ,' उनले भने, 'यो यस वर्षको मात्रै होइन, प्रत्येक वर्षको समस्या हो । सरकारले यसको निराकरणको लागि पूर्वतयारी र ठोस योजना ल्याउनुपर्छ ।'

सरकारले कक्षा-१ देखि १० सम्मका पाठ्यपुस्तक नि:शुल्क वितरण गर्ने गरिएको छ । प्रदेशको जनक शिक्षा सामग्रीमार्फत स्थानीय तह हुँदै विद्यालयमा पाठ्यपुस्तक पुग्ने गर्छ । -साभार: बाह्रखरी


**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
*Phone: 057-520315*

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

## जैविक मलका फाइदाहरु

रासायनिक मल तथा रासायनिक विषादीले बालीनालीको विकास केही हदसम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

**सामुदायिक कृषि सहकारी संस्था लि.**
पाइने स्थान:
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

## पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)





साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना